# प्रतिज्ञाः

## परमेश्वरको अनन्तको करार

(**The Promise:** God's Everlasting Covenant)

## (मिशन समाचार सहित)

लेखकः

गरहार्ड एफ. हासल

(***Gerhard F. Hasel)***

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२१ (बि.सं. २०७८)

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादक: क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७८ (ई.सं. २०२१)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

कोरोना र प्राविधिक कारणले गर्दा भाषा शुद्धिकरण नगरिएको, त्रुटीभए क्षमाप्रार्थी- अनुवादक।

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## करार

सन १५८८को  कुरो हो। बिलायत र स्पेनको बीचमा ठूलो शत्रुता थियो। तिनीहरू एक आपसका देशहरूमा आक्रमण गर्थे। त्यही सालमा एक दिन एक जना सात महिनाको गर्भवती भएकी स्त्रीले आफ्नो घरबाट समुद्रमा हेर्दै थिइन्। त्यसबेला स्पेनबाट आर्मडा भन्ने जहाजहरू आफ्नो देशतिर त्यस आइरहेको महिलाले देखिन्। समुद्रमा शस्त्रअस्त्रले निकै सुसज्जित भएको शत्रुका १३०वटा जहाजहरू थिए। ती जहाजहरू बिलायत टापुमा आक्रमण गर्न आएका थिए। त्यो दृष्य देखेर त्यस गर्भवती महिला डरले सातोपुत्लो गयो जसको फलस्वरुप बच्चा जन्माउने समय नभएपनि प्रसववेदनामा परिन् र बच्चा जन्माइन्। उनमा भएको डर, त्रास वा आतङ्क नै बच्चा जन्माउन सहयोग गर्ने सुडिनी हुन पुग्यो।

जब त्यस बच्चा जन्माउने आमाले आफ्नो बालकलाई हेर्थिन् तब उनमा पसेको डरको चित्र उनमा आउँथ्यो। त्यो बालक जसको नाउँ थोमास हब्स थियो पछि गएर बिलायतको प्रशिद्ध र महान् राजनैतिक दार्शनिक भएको थियो। थोमस हब्स गृहयुद्ध र धार्मिक हिँसाले ग्रस्त भएको बिलायतमा जन्मेका र हुर्केका थिए। जबसम्म बलियो र सबैलाई समेत्न सक्ने सरकार हुँदैन तबसम्म मानव जगत निरन्तररूपमा डर वा त्रासैले जिइरहेको हुन्छ भनेर उनले लेखेका थिए। ती डरमा देश र समाजको अस्थिरता, देशमाथि शत्रु देशले गर्ने आक्रमण र सबैभन्दा ठूलो डर भनेकै मृत्युको डर भनेर आफ्नो भनाइ उनले राख्छन्। करिब ५०० वर्ष अघिका लेखक हब्सले त्यसबेलाको समाजको चित्रण गर्दै लेख्छन् "यस संसारमा सबै युद्धहरूको युद्ध हामी लडिरहेकाछौं। यदि मौलिक परिवर्तनको निम्ति केही कदम नचालिए मानव जीवनको महत्त्व केही पनि हुँदैन। एक्लोपना, गरिबी, खराब हुने प्रवृत्ति, कठोर भएर अरूलाई दमन गर्ने र छोटो जीवनमा मानव सभ्यता होमिनेछ।" यो हब्सको चेतावनी थियो।

हब्सले त्यसको समाधान एउटैमात्र छ भनेर यसरी व्यक्त गर्छन्ः समस्त मानिसहरू एउटै शक्तिको मुनि राखिनुपर्छ। विभिन्न मानिसहरूको विभिन्न चाहना र विचारधाराहरू एकै मानिस वा समूहको अन्तर्गत हुनुपर्छ ताकि त्यसले मानिसहरूमाथि पूर्ण अधिकार गर्न सकुन्। पूर्ण सार्बभौमिसत्ताको

अधिकारले सम्पन्न भएको यो व्यक्ति वा मानिसहरूको समूदायले सम्पूर्ण देशमाथि आफ्नो प्रभुत्व राख्नुपर्छ। त्यसले गर्दा मानिसमा भएको भयानक दयनीय र अस्थिर अवस्थाको अन्त्य हुनेछ। अर्को शब्दमा भन्ने हो भने जब मानिसहरूले आफ्ना सबै अधिकारहरूलाई त्यस व्यक्ति वा समूहलाई सुम्पे ती अधिकाहरूहरूको सट्टामा तिनीहरूले शान्ति र सुरक्षा पाउनेछन्। मानिसहरूबाट सार्बभौमले सम्पन्न भएको व्यक्ति वा समूहमा सारिने शक्तिलाई हब्सले "करार", सहमति वा सम्झौता भन्दछन्।

यो करार, सहमति व सम्झौता भन्ने अवधारणा हब्सबाट सुरु भएको होइन। त्यसको बिपरित हजारौं वर्ष पहिले परमेश्वरले इस्राएलसँग करार बाँध्नुभएको थियो। करारको जरा त्यो भन्दा अगाडिको समयदेखि नै थियो। हब्सको अनुसार करार मानिसहरूबाट उब्जिनुपर्छ भन्ने धारणाको बिपरित यो करार स्वर्ग र पृथ्वीका सर्बशक्तिमान सृष्टिकर्ता परमेश्वरबाट उब्जिएको थियो। हब्सले प्रस्ताव गरेको करार वा सम्झौता डरले गर्दा उत्पन्न हुने भनेर लेख्दछन् भने परमेश्वरकोचाहिँ प्रेमबाट प्रेरित भएर करार बाँधिएको थियो। पतित मानिस जातिप्रतिको प्रेमले नै प्रेरित भएर परमेश्वरले मानिसहरूसामु करारको प्रस्ताव राख्नुभएको थियो। मानिसप्रति प्रेमले गर्दा प्रेरित भएको करारले गर्दा नै परमेश्वरलाई क्रुसमा डोऱ्याइएको थियो।

हाम्रो निम्ति येशूले के गर्नुभयो त्यसैले गर्दा हामीले परमेश्वरलाई प्रेम फर्काउँछौं। जसरी हब्सको तर्कमा मानिसहरूले आफ्ना अधिकारहरूलाई एक व्यक्ति वा समूहलाई सुम्पिनु पर्छ भनेका छन् त्यसरी नै हाम्रा पापका बाटोहरू, हामीहरूका डर, त्रास, अन्यौलता, ठीक बेठीक भन्ने कुरामा हाम्रा बाँगिएका धारणाहरू हाम्रो सार्बभौम परमेश्वरलाई सुम्पिन्छौं। हामीले के पाऔंला भनेर हाम्रा कुमार्गहरू परमेश्वरमा सुम्पने होइन तर सर्बसक्तिमान सर्बोच्च परमेश्वरले हामीलाई उत्तम येशू र मुक्ति उपलब्ध गराउनुभएकोले हो। यस संसारको र हाम्रो उज्ज्वल भविष्य केवल उहाँमामात्र पाइन्छ।

परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको कार्यान्वन कसरी हुन्छ त? यो एकदमै सरल छ। यो कुनै साटासाट जस्तै होः हाम्रा पापहरू येशूले लिनुहुन्छ र त्यसको सट्टा उहाँले हामीलाई उहाँको धार्मिकता दिनुहुन्छ। उहाँद्वारा हामी धार्मिक ठहरिन्छौं, मानौं परमेश्वरको चरित्रलाई हामीले ओढ्न पुग्छौं। यस प्रकारले अब पाप हाम्रो स्वभाव हुँदैन। पापले गर्दा परमेश्वर र मानिससँग सम्बन्ध टुटेको थियो र उहाँबाट हामी अलग भएका थियौं। अब

येशूले गर्दा हामी परमेश्वरसँग एक हुन पुग्छौं। हाम्रो जीवनको हत्या, हिंसा, व्यभिचार, झुठोपना, चोरी, कट्टरपना वा धर्मको नाउँमा अतिवादी हुने प्रबृत्ति, दुराचारी स्वभावहरूलाई येशूले मेटिदिनुहुन्छ र हामी परमेश्वर जस्तै धर्मी ठहरिन जान्छौं। यो अचम्मको उपहार, यो धर्मी ठहरिएको लेखा केवल येशूमाथिको विश्वास र आस्थालेमात्र हामी पाउँछौं। त्यसकारण "विश्वासद्वारा धार्मिकता" भन्ने वाक्यको कार्यन्वन हाम्रो जीवनमा लागु हुन जान्छ।

तर त्यतिलेमात्र अन्त हुँदैन। हत्या, हिंसा, व्यभिचारी, दुराचारी, आतङ्ककारी, चोर, फटाहा मानिसहरू येशूद्वारा शुद्ध भएर परमेश्वरसँग सम्बन्ध गाँस्न पुग्छौं। येशूको रगतले हामीलाई क्षमामात्र होइन हामीलाई शुद्ध पार्दछ, हाम्रा घाऊहरू निको पारिन्छ र हामीलाई पुनर्स्थापना गरिन्छ। येशू ख्रीष्टद्वारा हामी नयाँ गरि जन्मिएका हुन्छौं वा अहिले नै पुनर्जन्मको अनुभव गर्दछौं। त्यस अनुभवले गर्दा परमेश्वरले ढुङ्गाको पाटीमा लेखिएका दश आज्ञाहरू हाम्रा हृदयमा उहाँले लेख्नुहुन्छ। यसरी कुनै पनि हत्यारा, व्यभिचारी, चोर डाँका, फताहा, दुराचारी, धर्मको नाउँमा अत्याचार गर्ने प्रवृत्ति हुनेहरू ती दुष्ट चालहरूबाट अलग हुन्छन्। ती चालहरूबाट स्वतन्त्र भएर विश्वासी मानिस उसको हृदयभित्र रहेको परमेश्वरका आज्ञाहरूले परिचालित हुन्छ। त्यसको फलस्वरुप परमेश्वरको जनहरूलाई उहाँले तिनीहरूको हृदयमा राखिदिनुभएको चाहनालाई शिरोपर गरेर हिँड्न उत्सुक हुन्छन्। त्यो उत्सुकतालाई पूरा गर्न परमेश्वरले तिनीहरूलाई शक्ति दिनुहुने प्रतिज्ञा पनि गर्नुहुन्छ। यही नै परमेश्वरसँग करार बाँधेर वा सम्झौता गर्दै उहाँसँग सम्बन्ध राखेर चल्नुको अर्थ के हो भन्ने विषयबस्तुलाई स्पष्टरूपमा बुझाउँछ।

परमेश्वरको करार भनेको के हो, उहाँसँग मिलोमत्तो वा सम्झौता गरेर चल्नु भनेको के हो, यसले हाम्रो भित्री आवश्यकता कसरी पूरा गर्छ र यसको माग के हो भन्ने विषयबस्तु समेतेर यो अध्ययन पुस्तिका तयार गरिएको हो। यो अध्ययन तयार गर्न विभिन्न स्रोतहरू उपयोग गरिएको भएतापनि यसको मूख्य स्रोत डाक्टर गरहार्ड हासेल हो। उहाँ प्रभुमा सुतिसक्नुभएको भएतापनि उहाँले छोडेर जानुभएको प्रतिज्ञा वा करारको बारेमा प्रकट गरिएका लेखन सामग्रीहरूले हामीलाई हौशला, आशा र करारको बारेमा बुझाउन ठूलो सहयोग मिल्नेछ भनेर आशाले यो पुस्तक लेखिएको हो। शायद हब्सले परमेश्वर र उहाँका जनहरूको बीचमा भएको करारको बारेमा कहिल्यै पनि ज्ञान नभएको

हुनसक्छः "प्रेममा डर भन्ने हुँदैन, तर सिद्ध प्रेमले डरलाई फैंकिदिन्छ" (१ यूहन्ना ४:१३ रूपान्तरित)।

*गेरहार्ड एफ. हासेल (भेन्डरबिल्ट युनिभर्सिटीबाट पिएच डी. प्राप्त) सेभेन्थ-डे एडभेन्टिस्टको आन्द्र्यु युनिभर्सिटीको जोन नेभिनस आन्ड्रयुजको प्राध्यापक हुनुहुन्थ्यो। यस युनिभर्सिटीको एसडिए थियोलोजिकल सेमिनारीमा पुरानो करार र बाइबलीय ईस्वरज्ञान सिकाउनुहुन्थ्यो। सन १९८१-८८ सम्म उहाँ सेमिनारीको डिन अर्थात् शिक्षा अध्यक्ष भएर सेवा गर्नुभएको थियो। अनि २७ वर्षसम्म उहाँ टिएचडी र पिचडी कार्यक्रमको निर्देशक हुनुहुन्थ्यो।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | के भएको थियो? | १ |
| २. | करारको परिचय | १६ |
| ३. | "भविष्यका सन्तानहरू" | ३१ |
| ४. | अनन्तको करार | ४३ |
| ५. | प्रतिज्ञाका सन्तानहरू | ५८ |
| ६. | अब्राहमको सन्तान | ७२ |
| ७. | सिनैमा करार | ९० |
| ८. | व्यवस्था भएको करार | १०७ |
| ९. | करारको चिन्ह | १२० |
| १०. | नयाँ करार | १३५ |
| ११. | नयाँ करारको पवित्र स्थान | १४९ |
| १२. | करारः आस्थाको जग | १६१ |
| १३. | नयाँ करारको जीवन | १७३ |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असा। ११, २०७८ (जून २५, २०२१) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १४-२० (मार्च २७-अप्रिल २) |
| २ | अध्याय २ | चैत्र २१-२९ (अप्रिल ३-९) |
| ३ | अध्याय ३ | चैत्र २८- बैसाख ३ (अप्रिल १०-१६) |
| ४ | अध्याय ४ | बैशाख ४-१० (अप्रिल १७-२३) |
| ५ | अध्याय ५ | बैशाख ११-१७ (अप्रिल २४-३०) |
| ६ | अध्याय ६ | बैशाख १८-२४ (मे १-७) |
| ७ | अध्याय ७ | बैशाख २५-३१ (मे ८-१४) |
| ८ | अध्याय ८ | जेठ १-७ (मे १५-२१) |
| ९ | अध्याय ९ | जेठ ८-१४ (मे २२-२८) |
| १० | अध्याय १० | जेठ १५-२१ (मे २९-जून ४) |
| ११ | अध्याय ११ | जेठ २२-२८ (जून ५-११) |
| १२ | अध्याय १२ | जेठ २९- असार ४ (जून १२-१८) |
| १३ | अध्याय १३ | असार ५-११ (जून १९-२५) |